## मिति २०८१/०१/१६ गते बसेको १५० औं कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

मिति २०८०/१२/२० गते बसेको १४९औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको विषयमा समीक्षा गरियो ।

**निर्णय नं.२**

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका विषयमा छलफल गरियो सेवा प्रवाहका विषयमा सुधार गर्नुपर्ने विषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ४ को प.स ४-था २०८०/०८१ मिति २०८०/१२/३० च.नं. ५६२१३४ को पत्र, पत्र बमोजिमको सुझाव बैठकमा प्रस्तुत भयो प्राप्त पत्रमा उल्लेख भएको सुझाव अनुसार प्रचलित कानुनहरुको परिपालना गर्ने गराउने गरी कार्यप्रणालीलाई कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

विधायन समितिबाट पेश भएका तपसिलका कार्यविधि पुनः छलफल र संशसोधनका लागि विधायन समितिमा नै पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. रत्ननगर नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०८१

ख. रत्ननगर नगरपालिकाको खरिद नियमावली २०८१

**निर्णय नं. ५**

रत्ननगर नगर गौरवको योजना रत्ननगर हरियाली पार्क वडा नं. १० निर्माण गर्नका लागि संशोधित विस्तृत योजना प्रतिवेदन सम्बन्धि कार्यक्रम स्वीकृत भए बमोजिम श्री ए.पि.इन्जिनियारिङ्ग डीजाईन सोलुसन प्रा.लि. ले तयार पारेको संशोधित विस्तृत योजना प्रतिवेदनको रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाको विभीन्न मितिको निर्णयानुसार सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सेवा करार अवधी मिति २०८१/१/१ देखि २०८१ असार मसान्त सम्म ३ (तीन) महिना थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्रमश

**निर्णय नं. ७**

रत्ननगर नगरपालिकाको अधिकांश वडाहरुमा खानेपानी संचालन गरी बहुसंख्यक नागरिकहरुलाई खानेपानी सेवा उपलब्ध गराईरहेको सन्दर्भमा संघ प्रदेश र स्थानीय सरकारबाट संचालन गरिएका विभीन्न सडक नाला तथा कालोपत्रे योजनाहरु निर्माणका क्रममा रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पाईप लगायतका विभीन्न संरचनाहरुमा बर्षेनी क्षति पुग्न जाने अवस्था रहेको एवम् हरेक वर्ष खानेपानीको कार्यक्षेत्र भित्र उच्च बसाइसराईको चाप रहेकोले खानेपानीका नयाँ धारा जडान वितरित खानेपानी पाईपलाईन पुन: निर्माण निःशुल्क खानेपानी धारा जडान लगायतका रत्ननगर खानेपानी उपभोक्ता समितिले गर्नुपर्ने भौतिक निर्माण तथा मर्मत गर्ने कार्यका लागि नगर स्तरीय खानेपानी निःशुल्क धारा जडान कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी एकमुष्ठ रु.२५०००००/- (पच्चिस लाख मात्र) अनुदान स्वरुप उपलब्ध गराउने र उक्त रकमको नियमानुसार खर्च एवम् खर्चको अन्तिम लेखा परिक्षण रत्ननगर खानेपानी तथा उपभोक्ता संस्थाले नै गर्ने गरी अनुदान उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

रत्ननगर नगरपालिका क्षेत्र भित्र रक्दान गरी रेडक्रस /ब्लड बैंकमा रगत उपलब्ध गराएमा प्रति व्यक्ती पोषण लागि रु.१०० र रक्त संकलन टोलीको खाना खाजा बापत प्रति कार्यक्रम एकमुष्ठ रु.३०००/- (तिन हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९**

रत्ननगर नगरपालिका वडा नं. ९ को मिति २०८० माघ २५ गतेको वडा समितिको निर्णय सहित सिफारिस भई आएको तपसिलको योजनाको शिर्षक शंसोधन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.स. | साविक योजनाको नाम | रकम | संशोधित योजनाको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १. | वडा भरी आवश्यक स्थानमा ह्युम पाइप तथा कल्भर्ट | ३५००००/- | गणेश मन्दिर स्ल्याव निर्माण | १४५५०० | |

**निर्णय नं. १०**

मिति २०८०/१२/१३ गते आएको विनाशकारी हावाहुरीले रत्ननगर नगरपालिका वडा नं. १६को हात्तिगाडे टोलमा तपसिलका व्यक्तीहरुको घरको जस्तापाता उडाई क्षति भएकाले उक्त घरहरु मर्मतका लागि नगर स्तरीय विपत् व्यवस्थापन कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी प्राविधिक कार्य सम्पन्न प्रतिवेदन बमोजिम देहायको रकम उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

तपसिल

क. रमेश थापाको घर निर्माण रु. १६१४९/

ख. टोस न्यौपाने घर निर्माण रु.५२१२३/-

**निर्णय नं. ११**

शैक्षिक सत्र २०८० को आधारभुत तह (कक्षा ८) को परीक्षामा विभीन्न बिषयमा नन् ग्रेडिङ्ग भएका परार्थीहरुलाई एक पटकको लागि ग्रेड वृद्धि परीक्षा दिने अवसर प्रदान गर्न भनि विभीन्न विद्यालय तथा अभिभावकहरुबाट जनप्रतिनिधिहरुलाई अनुरोध भै आएको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भयो। यस सम्बन्धमा पाठ्यक्रम र प्रचलित नियमले निर्धारण गरेको मापदण्ड भित्र रही १ पटकका लागि ग्रेड वृद्धिको परीक्षा दिने अवसर प्रदान गर्न सम्बन्धित विद्यालयलाई जिम्मेवारी दिने र परीक्षा संचालन गरी मार्क स्लिप र उत्तरपुस्तिका नगरपालिकाको शिक्षा शाखामा बुझाउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १२**

रत्ननगर नगरपालिका वडा नं. १ र २ मा पर्ने महेन्द्रराज मार्गको दायाँ बायाँ मंकल छोप्नका लागि आर. सि.सि. स्लयाव निर्माण गर्नका लागि नगर स्तरीय आकस्मिक ग्राबेल शिर्षकबाट व्ययभार हुने गरी प्राविधिक लागत इस्टीमेट बमोजिम रु.१०००००/- (एक लाख मात्र) र बकुलहर रत्ननगर अस्पतालको कुलो ढलानका लागि रु.२५०००/- (पच्चिस हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १३**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्तीहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क. स. | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | रोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|
| १. | श्री भोज प्रसाद अंगाई | रनपा १४ | दिर्घ रोगी | आर्थिक अवस्था नाजुक उपचारका समस्या | वडा नं १४ को कार्यालय | २००००/ |
| २. | श्री उपेन्द्र नेपाल | रनपा १५ | दुबै मृगौला फेल | आर्थिक अवस्था अत्यन्तै कमजोर | वडा नं १५ को कार्यालय | १००००/ |
| ३. | श्री कृष्ण प्रसाद अंगाई | रनपा १२ | आन्द्रामा पानी जमेको | आर्थिक अवस्था अत्यन्तै कमजोर | वडा नं १५ को कार्यालय | १००००/ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | सानु बाबु श्रेष्ठ | रनपा १४ | दिर्घ रोगी | आर्थिक अवस्था अत्यन्तै कमजोर | वडा नं १४ को कार्यालय | १००००/- |
| ५. | पिताम्बर न्यौपाने | रनपा १३ | दिर्घ रोगी | आर्थिक अवस्था अत्यन्तै कमजोर | वडा नं १३ को कार्यालय | १००००/- |
| ६. | राजमती देवी शाह कानु | रनपा ९ | मृगौला सम्बन्धी रोग | आर्थिक अवस्था अत्यन्तै कमजोर | वडा नं ९ को कार्यालय | १००००/- |
| ७. | दुर्गादत्त ढुङ्गाना | रनपा १५ | दिर्घ रोग | आर्थिक अवस्था अत्यन्तै कमजोर | वडा नं १५ को कार्यालय | १००००/- |
| ८. | लक्ष्मण दर्जी | रनपा १२ | मुटु रोग | आर्थिक अवस्था अत्यन्तै कमजोर | वडा नं. १२ को कार्यालय | २००००/- |

**निर्णय नं. १४**

भरतपुर भ्रमण बर्षको अबसरमा मिति २०८० फाल्गुन २५ गते देखि चैत्र ११ गते सम्म **CHITWAN XI FOOTBALL CLUB** ले आयोजना गरेको प्रथम भरतपुर फुटबल प्रतियोगिता २०८० का लागि आर्थिक सहयोग माग भै आएकाले नगर स्तरीय विविध खेलकुद कार्यक्रम शिषकबाट व्ययभार पर्ने गरी रु.३००००/- (तिस हजार मात्र) सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १५**

रत्ननगर नगरपालिका वडा नं. १० को वडा कार्यालय भवन निर्माणका लागि उपभोक्ता समितिबाट पाँच प्रतिशत नगद लागत सहभागीता सहित दश प्रतिशत श्रम सहभागिता हुने गरी भवन निर्माण सम्वन्धी योजना संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६**

यस नगरपालिका र पूर्वी चितवनका पर्यटकीय क्षेत्र एवं पर्यटकीय सम्पदाहरुको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने उद्देश्यले एक नगरस्तरीय पर्यटन समिति गठन गर्ने निर्णय गरियो । उक्त समितिको संयोजकमा यस नगरपालिका वडा नं. १३ निवासी पर्यटन व्यवसायी पूर्व उद्योग संघ चितवनका अध्यक्ष श्री भेपराज दवाडीलाई नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो

**निर्णय नं. १७**

रत्ननगर नगरपालिका वडा नं. १६ दोबाटो टोल बस्ने टेक बहादुर राना मगरको छोरा विकास राना मगर लिभर फेल भई विगत २ बर्ष देखि टिचिङ हस्पिटलमा उपचाररत रहनु भएको र निजको आर्थिक अवस्था

CamScanner

निकै कमजोर रहेको भनि वडा नं. १६ को कार्यालयको सिफारिस सहित बजेट माग भै आएकाले अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार पर्ने गरी रु.१,००,०००/- (एक लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८

रत्ननगर नगरपालिका वडा नं. १३ निवासी जितराम दमैको आवासीय टहरा बनाउनका लागि जस्ता र पिलर आवश्यकता रहेको र निजको आर्थिक अवस्था कमजोर तथा आर्थिक स्रोत नभएको कारण आर्थिक सहयोग माग भै आएकाले नगर स्तरीय विपद् व्यवस्थापन शिर्षकबाट व्ययभार हुने गरी प्राविधिक लागत अनुमान बमोजिम रु.२५०००/- (पच्चिस हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

नेपाल नगरपालिका संघको मिति २०८०/०४/०१ को ०४-०८०/०८१ को पत्रानुसार संघको भवन निर्माणका लागि आर्थिक सहयोग माग भै आएकाले यस रत्ननगर नगरपालिकाबाट रु.५०००००/- (पाँच लाख मात्र) अनुदान उपलब्धविपद् गराउने निर्णय गरियो । साथै यस कार्यालयबाट उपलब्ध गराइने अनुदानको लेखा परिक्षण नेपाल नगरपालिका संघले नै गर्ने गरी व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

रत्ननगर नगरपालिकाको चालु आ.ब. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम ८०३३१४०४३०३ रत्ननगर नगरपालिका-कृषि/पशुपन्छी अन्तर्गत बालीबस्तुको (कृषिजन्य-खाधन्न, दलहन, तेलहन, फलफूल, मौरी, च्याउ आदी र पशुतर्फ- बाखा, कुखुरा, गाई, भैसी,बंगुर माछा आदी) बीमा शूल्कमा कृषकले बुझाउनुपर्ने रकममा १०० प्रतिशत अनुदानका लागि यस कार्यालयको सूचना अनुसार आवेदन पेश गर्ने आवेदकहरुलाई निजले पेश गरेको बीमालेख, बीलविजक र आवश्यक कागजातहरु चेकजाँच गरि मिति २०७९।१०।२५ गतेको कार्यपालिका बैठकको निर्णयानुसार स्वीकृत कार्यविधि बालीवस्तु तथा पशुधन बीमाको प्रिमियम रकममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०७९ बमोजिम निज लाभग्राहीहरुको बैंक खातामा अनुदान रकम भुक्तानी गर्ने निर्णय गरियो । साथै यस कार्यक्रमका लागि चालु आर्थिक बर्ष २०८०।८१ को जेष्ठ मसान्त भित्र आवेदन पेश गर्ने आवेदकहरुलाई समेत अनुदान कार्यक्रममा सहभागि गराई अनुदान प्रदान गर्ने निर्णय गरियो ।

क्रमशः